आज मिति २०८१ साल चैत ७ गतेका विहानको ७ :३० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को एघारौं बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | ध्रुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरि प्रसाद पोखेल | नि. प्रमुख प्रशासकीय अधिकृत |
| | पिताम्वर मरासिनी | लेखा अधिकृत |
| | दामोदर उपाध्या | का.स. |

हरि प्रसाद पोखेल
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/११/८ गते बसेको दशौं बैठकबाट करार सेवामा कार्यरत कर्मचारीहरुको म्यादथपको निर्णय गरिएकोमा करार सेवामा कार्यरत कर्मचारीहरुसँग करार सम्झौता गरिएको, आ.व. २०८२/८३ का लागि संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना छनोट गरिएकोमा निर्धारित समयवधी अगाडि नै सिष्टममा प्रविष्टी गरी माग गरिएको, आ.व. २०८२/८३ मा कार्यान्वयन हुने विभिन्न आयोजना तथा कार्यक्रमहरु मागको लागि छनोट गरिएकोमा राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं र सम्वन्धित मन्त्रालयहरुमा मागको लागि पठाईएको, झिमरुक गाउँपालिकाको दोस्रो कार्यकालको मध्यावधी समिक्षा तथा आ.व. २०८१/८२ को दोस्रो चौमासिकसम्मको सार्वजनिक सुनुवाई मिति २०८१ साल चैत ८ गते गाउँपालिकाको सभाहलमा सञ्चालन गर्न मिति तय गरिएकोमा उक्त कार्यक्रमको लागि तयारी अन्तिम चरणमा पुगेको, विभिन्न संस्था तथा व्यक्तिहरुको निवेदन अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरिएकोमा सहयोग रकम उपलब्ध गराईदै आएको, के.सी. निर्माण सेवा झिमरुक-७, कुता, प्युठानको निवेदन अनुसार आवश्यक प्रक्रिया पुगेको अवस्थामा जाचबुझ गरी ईजाजत पत्र उपलब्ध गराउने निर्णय भएकोमा उक्त निर्माण सेवालाई **घ** वर्गको ईजाजत पत्र जारी गर्न बाँकी रहेको, बालज्योति प्रा.वि. शौचालय निर्माण झिमरुक-५ र दलित सामुदायिक भवन मर्मत झिमरुक-८ को लागि प्राविधिक लागत अनुमान तयार गर्ने निर्णय गरिएकोमा लागत अनुमान तयारीको अवस्थामा रहेको, सिस्नेखोला कैरलपाटा खानेपानी मर्मत योजना झिमरुक-८ को लागि वजेट विनियोजन गरिएकोमा उक्त योजना सम्झौता भई कार्यान्वयनको प्रक्रिया अगाडि वढेको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ बैकल्पिक सहायक राजमार्ग छनौंट सम्वन्धमा ।**

**निर्णय नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय लुम्बिनी प्रदेश, बुटवलको च.नं.१००५ मिति २०८१/१२/०३ गतेको सडकको विवरण उपलब्ध गराई दिने सम्वन्धी प्राप्त पत्रानुसार पत्रमा उल्लिखित सीमाका आधारमा यस गाउँपालिका अन्तर्गत तपसिल वमोजिमको बैकल्पिक सहायक राजमार्ग छनोट गरिएको हुँदा आगामी आ.व.२०८२/८३ मा डि.पि.आर. सहित कार्यान्वयनको लागि प्रक्रिया अगाडि वढाई दिन फारममा उल्लेख भए वमोजिमका विवरणहरु राखी माग गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | प्राथमिकता अनुसार प्रस्तावित सडक योजनाको नाम |
|---|---|
| १ | स्याउलीघारी टिमुरचौर दिहाल्ला ढोरपाटन बाग्लुङ्ग पर्यटन सडक स्तरउन्नती (टिमुरचौर खण्ड) |
| २ | विड्डाडा फूर्सेधारा सौतामारे पुर्कोट दह प्युठान गुल्मी जोड्ने सडक |
| ३ | बतासेडाडा निन्युखर्क नेटा मर्कावाङ्ग चिचिण्डे कुभिण्डे प्युठान अर्घाखाँची सडक |
| ४ | ढाड हल्ते काउले वडाचौर सौतामारे पूर्कोटदह प्युठान गुल्मी जोड्ने सडक |
| ५ | मच्छी टाडापोखरी ओखरकोट बाँदीकोट मलागिरी पुर्कोटदह प्युठान गुल्मी सडक |
| ६ | किटघाट पिडाल्ने स्याउलीघारी तुषारा ईश्नाथान सडक |

हरि प्रसाद पोखेल

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**प्रस्ताव नं.३ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा भएको खर्च अनुमोदन सम्वन्धमा ।**
**निर्णय नं ३**
प्रस्ताव नं ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता मिति २०८१ माघ महिनाको १६ गतेदेखि १८ गतेसम्म सञ्चालन गर्दा भएको खर्च राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता कार्यक्रम निर्देशक समिति र झिमरुक गाउँ शिक्षा समितिबाट अनुमोदन भई आएको रकम रु १०,८८,५९४। (अक्षेरुपी दशलाख अठासी हजार पाँचसय चौरानब्बे रुपैँया) बरावरको खर्च सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

**प्रस्ताव नं. ४ सवारी साधन भाडामा लिने सम्वन्धमा ।**
**निर्णय नं ४**
प्रस्ताव नं ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयबाट चालु आ.व.का विभिन्न योजना/कार्यक्रमहरुको अनुगमन, विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरुको अनुगमन तथा निरिक्षण लगायतका कामकाजको लागि स्थलगत रुपमा जादा हालसम्म भएको बास्तविक खर्च र अव थप अनुगमन गर्न जादा लाग्ने लागत निकाली आवश्यकता र चौचित्यताको आधारमा सवारी साधन भाडामा लिने वा नलिने विषयमा अर्को बैठकमा छलफल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ विविध सम्वन्धमा ।**
**विविध (क) लोगो छनोटको लागि कार्यदल गठन सम्वन्धमा ।**
**निर्णय नं. ५ (क)**
प्रस्ताव नं ५ विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको मिति २०८१ पुस ७ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाईन गर्न मिति २०८१/९/१२ गते प्रथम पटक र मिति २०८१/९/२९ गते दोस्रो पटक सूचना प्रकाशनबाट प्राप्त भएका ३ थान लोगोहरुको सूचनामा उल्लिखित विवरण अनुसार भए नभएको मूल्याङ्कन गरी उत्कृष्ट १ थान लोगो गाउँ कार्यपालिकाको बैठकमा सिफारिस गर्न तपसिल वमोजिमको कार्यदल गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>
१. प्रशासकीय अधिकृत -संयोजक
२. लेखा अधिकृत-सदस्य
३. शिक्षा अधिकृत-सदस्य

**विविध (ख) मैनाके खेलमैदान निर्माणको लागि वजेट सुनिश्चितता गर्ने सम्वन्धमा ।**
**निर्णय नं. ५ (ख)**
प्रस्ताव नं ५ विविध (ख) माथि छलफल गर्दा झिमरुक -५, मैनाकेमा खेलमैदान निर्माण गर्दा भएको खर्च रकम तपसिल वमोजिमको शीर्षकबाट रकमको स्रोत सुनिश्चितता गरी भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.स | योजनाको नाम | ठेगाना | वजेटको स्रोत शीर्षक | विनियोजित वजेट |
|---|---|---|---|---|
| १. | मैनाके खेलमैदान निर्माण | झिमरुक-५,मैनाके | नमुना तथा आवासीय विद्यालय सञ्चालनका लागि प्रारम्भिक कार्य सञ्चालन तथा व्यवस्थापन सहयोग | ६,२७,५००। |

हरि प्रसाद पोखेल
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**विविध (ग) जंगली जनाबरबाट भएको क्षेती सम्वन्धमा ।**
**निर्णय नं. ५ (ग)**

प्रस्ताव नं ५ विविध (ग) माथि छलफल गर्दा त्रिभुवन विश्वविद्यालय प्राणी शास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौंको च.नं.३४०/२०८१-८२ मिति २०८१/११/२२ गतेको जंगली जनावर र सोको क्षेतीको विवरण उपलब्ध गराई दिने बेहोराको पत्र अनुसार विवरण पठाउनु पर्ने भएको हुँदा झिमरुक गाउँपालिकाका सबै वडाहरुमा कुन कुन जंगली जनावरबाट के कति क्षेती भएको छ सो को विवरण १ हप्ता भित्र उपलब्धताको लागि वडा कार्यालयलाई पत्रचार गरी विवरण संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध (घ) तालिममा सहभागी पठाउने सम्वन्धमा ।**
**निर्णय नं. ५ (ग)**

प्रस्ताव नं ५ विविध (घ) माथि छलफल गर्दा प्रदेश सुशासन केन्द्र,नेपालगञ्ज, बाकेको च.नं.२४० मिति २०८१/१२/०३ गतेको राजश्व सुधार कार्ययोजनाको विश्लेषणका आधारमा कार्यान्वयन सम्वन्धी मिति २०८१/१२/८ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने २ दिने आवासिय तालिम कार्यक्रममा राजश्व परामर्श समितिको सदस्य तथा राजश्व शाखाका कर्मचारीहरुबाट २ सहभागी पठाईदिने सम्वन्धी पत्र अनुसार राजश्व शाखाबाट शाखा अधिकृत श्री पिताम्वर मरासिनी र राजश्व परामर्श समितिको तर्फबाट सदस्य श्री दधिराम पोखेललाई उक्त तालिममा सहभागिताको लागि पठाउने सर्वसम्मत निर्णय गरियो ।

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

हरि प्रसाद पोखेल
नि.प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner